**प्रस्ताव नं. १ - कार्यक्रम संशोधन सम्बन्धमा**

निर्णय नं. १ - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गा.पा को आ.व २०७५/०७६ को स्विकृत कार्यक्रम मध्ये कानुनी रुपमा अड्चन परेका कार्यक्रमहरु भएमा मिति २०७५ साल माघ २३ सम्म वडा कार्यलायको सिफारिस साथ,पुरानो कार्यक्रमवाट लाभान्वित हुने समुह वा क्षेत्रको सहमतीको निर्णय र वडा समितिको सहमतीको निर्णयको प्रतिलिपि साथै राखी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने र पेश हुन आएका निवेदन उपर कार्यपालिका बैठकमा छलफल गरि स्विकृत गरी संशोधनको लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ - स्थानिय विकास साझेदार कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा**

निर्णय नं. २ - प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गा.पा मा स्विकृत भएका स्थानिय विकास साझेदार कार्यक्रमहरुको कार्यक्रमहरु स्थानिय तहवाटै कार्यान्वयन गर्नुपर्ने भएको हुदा सोको लागी उपभोक्ता समिति ईच्छुक रहेमा गाउपालिकाको आफ्नै आयोजनाअनुरुप आफ्नै प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी सोहि अनुरुप निजहरुवाटै गराउन अनुमती दिने र प्रस्तुत आयोजनाको हकमा श्रमदानवापतको रकम अनिवार्य नगरी कार्यान्वयन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - हेजार्ड भत्ता सम्बन्धमा**

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सारावल गा.पा मा रहेको मनरी स्वास्थ्य चौकी भुजहवा स्वस्थ्य चौकी कामको भारको मुल्यांकन गर्दै निजहरुले दिएको सेवाप्रवाहको कदर गर्दै अतिरिक्त समयमा काम गर्ने सोहि स्वास्थ्य चौकिका कार्मचारीहरुलाई निजहरुले गरेको कामको आधारमा ताहाको स्थानिय आम्दानीको २५% ले हुन आउने रकम हेजार्ड भत्ता स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - चौथो गाउँसभा बैठक सम्बन्धमा**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गा.पा को चौथो गाउसभा मिति २०७५/१०/२९ गते मंगलवारका दिन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - अध्यक्ष गोल्डकप फुटवल प्रतियोगिता रकम थप सम्बन्धमा**

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल ग.पा कै गरिमा बढाउने गरी हालै सम्पन्न भएको सराव प्रथम अध्यक्ष कप फुटवल प्रतियोगताको लागी विनयोजित रकम रु ५००,०००/- अपुग भएकोले गाउँपालिका स्तरिय खेलकुद समितिलाई खेलकुद सम्पन्न गरेवापद विशेष धन्यवाद दिदै नपुग भएको रकम रु २००,०००/- दुई लाख मात्र को निवेदन सहित विलभरपाई पेश गरेमा स्विकृत कार्यक्रमको खेलकुदको शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - अर्धवार्षिक प्रगती समिक्षा सम्बन्धमा**

निर्णय नं. ६ - यस सरावल गा.पा मा पौष मसान्त सम्म भएका भौतिक एवं वित्तिय प्रगतिको सम्बन्धमा बैठकमा जानकारी गराईयो ।सोको सम्बन्धमा अर्धवार्षिक समिक्षा गरियो । हालसम्म भएको भौतिक एवं वित्तिय प्रगती पर्याप्त नभएको तथ्यलाई स्विकार गर्दै कार्यक्रमको कार्यान्वयनको कामलाई तिव्रता दिई प्रगतिलाई सुधार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

# सरावल गाउंपालिका

## २०७५ पुस सम्मको वित्तीय प्रगति

| सि.न | आम्दानी | गत आ.व.को अल्या | यस आ.वको आम्दानी | जम्मा आम्दानी | खर्च | वित्तीय प्रगति ( प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण | | ५८०५०००० | ५८०५०००० | १६८४६०६७।६० | २९।०२ |
| २ | सर्शत अनुदान | | ५४६७४२२४।६७ | ५४६७४२२४।६७ | ६८४५५५३४।९१ | १२५।२१ |
| ३ | राजस्व बांडफाड(संघ र प्रदेश) | | ९५७१८८६।२७ | ९५७१८८६।२७ | ११८२०५०।०० | १२।३५ |
| ४ | आन्तरिक आम्दानी | ७२७१३४६२।२१ | ४६५४८९३।४२ | ७७३६८३५५।६३ | २०६६२२४४।०० | २६।७१ |
| | | ७२७१३४६२।२१ | १२६९५१००४।४ | १९९६६४४६६।६ | १०७१४५८९६।५ | ५३।६६ |

**प्रस्ताव नं. ७ - सरावल-४ पर्नाहामा तजिया निर्माणमा रकम बिनियोजन सम्बन्धमा**

निर्णय नं. ७ - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. ४ पुर्नाहामा निर्माण हुन लागिरहेको १००० फिट अग्लो तजियाको लागी रु .२५०००/- पच्चिस हजार मात्र स्थानिय संस्कृति संरक्षण कार्यक्रम शिर्षकवाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ - जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धमा**

निर्णय नं. ८ - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस गाउपालिकाको जनताको सेवामा रातदिन खटिने कार्यपालिका सदस्यहरुको हाल विद्‌यमान सेवा सुविधा प्रयाप्त नभएको तथ्यलाई स्विकार गर्दै २०७५ पौष महिनादेखि लागु हुने निजहरुले पेश गरेको विलभरपाईको आधारमा वडाध्यक्ष हकमा सञ्चार शिर्षकमा रु.२०००/- र ईन्धनमा रु.४०००/- तथा अन्य कार्यपालिका सदस्यको हकमा ईन्धन रु १०००/- र सञ्चार रु १०००/- मासिक र अन्य सेवा सुविधालाई यथावत रहने गरी भुक्तानी दिने निर्णय गरियो ।